(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०७९ साल माघ २५ गते बुधवारको दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको उन्नाइसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. विनय पौडेल (प्रशासन अधिकृत)

२. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

३. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

Scanned with CamScanner

मिति २०७९।१०।२५

**मिति २०७९/१०/२५ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

__प्रस्तावहरु :__

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. सडक बोर्ड कार्यक्रम छनौट सम्वन्धमा ।
३. तराई मधेश समृद्धि कार्यक्रमको यझजना छनौट सम्बन्धमा ।
४. पदपुर्ति सम्वन्धमा ।
५. योजनाको स्थान छनौट गर्ने सम्वन्धमा ।
६. न्यायीक समितिको बजेट बाँडफाड गर्ने सम्वन्धमा ।
७. भूमि ऐन तथा स्थानीय भूउपयोग योजना तर्जुमा सम्वन्धमा ।
८. भलिवल प्रतियोगिताको लागि रकम विनियोजन सम्वन्धमा ।
९. कुम्भ मेलाको लागि रकम विनियोजन सम्वन्धमा ।
१० जग्गा खरिद सम्वन्धमा ।
११. आर्थिक सहायता सम्वन्धमा ।
१२. विविध सम्वन्धमा ।

__निर्णयहरु__

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको लागि सडक बोर्ड नेपालबाट चालु आ.व. २०७९/०८० का लागि देहायका योजनाहरु स्वीकृत गरी माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | योजनाको ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सडक ग्राभेल | राजनको घर देखि हनुमान चौक सम्म, महेन्द्रको घर देखि पुर्व हुँदै उतर ब्रहमस्थान सम्म (वडा नं. १) | लागत अनुमान अनुसार | |
| २ | सडक गांभेल | हेवेलको घर देखि महादेव मंदिर सम्म (वडा नं. ४) | | |
| ३ | सडक ग्राभेल | मुल्हाइको घर देखि राम प्रतापको खेत सम्म (वडा नं. ४) | | |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको अगामी आ.व. २०८०/०८१ को लागि तराई मधेश समृद्धि कार्यक्रमबाट संचालन गर्ने देहायका योजानाहरु छनौट गरी माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | योजनाको ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री आधारभुत विद्यालय मजुर्वाको भवन निर्माण | हरिपुर-५, सर्लाही | १,००,००,०००।०० | १ करोड |
| २ | श्री जनता मा.वि. हरैया भवन निर्माण | हरिपुर-४, सर्लाही | १,००,००,०००।०० | १ करोड |
| ३ | श्री हरिहर जनता आ.वि. भवन निर्माण | हरिपुर-१ सर्लाही | १,००,००,०००।०० | १ करोड |
| ४ | श्री रहमनीया गौशिया मदर्सा | हरिपुर-३ सर्लाही | ५००००००।०० | ५० लाख |
| ६ | मिथीला कला आर्ट सम्वन्धी तालिम | हरिपुर, सर्लाही | १०,००,०००।०० | १० लाख |
| ५ | श्री थारु हस्तकला सम्वन्धी तालिम | हरिपुर, सर्लाही | १०,००,०००।०० | १० लाख |

Scanned with CamScanner

मिति २०७९।१०।२५

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा रिक्त हुन आएको पंजीकरण तर्फको एम आई एस अपरेटर एक जना र नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयद्वारा जारी स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यविधि २०७९ बमोजिम कृषि स्नातक एक जना र पशु चिकित्सक एक जनाको नियमानुसार पदपूर्तिको प्रक्रिया अघि बढाउने निर्णय गरियो

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७९/०८० को दशौ नगरसभाबाट पुँजीगत कार्यक्रमको पेज नं. ५७ को सि.नं. ६५ मा नगर भरीका सार्वजनिक जग्गा संरक्षण र घेरावेरा कार्य गर्न खर्च शिर्षक नं. ३११५९ मा रकम रु. १००००००।०० विनियोजन भएको रकमबाट हरिपुर नगरपालिका वडा नं. २ सखुवामा रहेको निल कमल सामुदायिक वनमा घेरावेरा गर्न स्थान छनौट गर्ने निर्णया गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७९/०८० को दशौ नगरसभाबाट चालुगत शिर्षकको पेज नं. ५५ को सि.नं. ७४ रकम रु. १००००००।०० र पुँजीगत खर्चको पेज नं. ५६ को सि.नं. १७ को रकम रु. ५०००००।०० को देहाय अनुसारको रकम बाँडफाड गरी खर्च गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | मासिक बैठक भता (रु.१००० को दरले) | ११०००० | |
| २ | फिल्ड भत्ता(रु.१००० को दरले) तथा अन्य खर्च | १००००० | |
| ३ | प्रहरी खर्च(मानिस झिकाए बाप्त रु.५०० यातायात खर्च) | ५००० | |
| ४ | ईन्धनको लागि मासिक रु.१५००० /-को दरले | १८०००० | |
| ५ | खाजा,खाना,चिया,चिसो,पानी आदि | २००००० | |
| ६ | संचार खर्च | २४००० | |
| ७ | न्याय सम्पादनको लागि न्यायिक समितीको पदाधिकारी,कर्मचारी,जनप्रतिनिधीहरुलाई तालिम | २००००० | |
| ८ | न्यायिक सम्पादन कार्यको समीक्षा | १००००० | चालुगत खर्च |
| ९ | सूचिकृत भएका मेलमिलापकर्ताहरुसँग १ दिने अन्तकिया कार्यकम | ६०००० | |
| १० | विविध | २१००० | |
| | जम्मा | १०००००० | |
| १ | न्यायिक समितीको कार्यालय ईजलाश गठन व्यवस्थापनको लागि विभिन्न समाग्रीहरु खरीद (टेबल,कुर्सी,दराज,कम्प्युटर,प्रिन्टर,स्क्यानर,क्यामरा,हुडिङ्ग बोर्ड,फ्याग,स्टेशनरी,छपाई अरु आवश्यक चाहिने आदि तथा प्रशासनिक खर्च | ५००००० | पुँजीगत |
| | कूल जम्मा | १५०००००।०० | |

Scanned with CamScanner

मिति २०७९।१०।२५

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भूउपयोग ऐन २०७६, भूउपयोग नियमावली २०७९ र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाको जग्गा वर्गिकरण, स्थानीय भूउपयोग योजना र भूमि ऐन २०७९ तर्जुमा गर्न यस नगरपालिकाको आ.व. २०७९/०८० को दशौ नगरसभाबाट चालुगत शिर्षकको पेज नं. ५४ को सि.नं. ६८ मा कार्यापालिकाको वैठकको निर्णयानुसार खर्च हुने शिर्षक नं. २२५२९ मा रकम रु. २२०००००।०० मध्येबाट रकम रु. १००००००।०० विनियोजन गरी सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम परामर्श दातासँग सेवा खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ७ चिताइनमा शिवरात्री मेलाको उपलक्ष्यमा प्रत्येक वर्ष प्रदेश स्तरीय भलिवल प्रतियोगिता संचालन हुँदै आएकोमा यस वर्ष पनि निरन्तरताका लागि यस नगरपालिकाको आ.व. २०७९/०८० को दशौ नगरसभाबाट चालुगत शिर्षकको पेज नं. ५४ को सि.नं. ६८ मा कार्यापालिकाको वैठकको निर्णयानुसार खर्च हुने शिर्षक नं. २२५२९ मा रकम रु. २२०००००।०० मध्येबाट रकम रु. ३०००००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ३ को फरहदवामा कुम्भ मेलामा मेला संचालन तथा ब्यवस्थापनका लागि आ.व. २०७९/०८० को दशौ नगरसभाबाट चालुगत शिर्षकको पेज नं. ५५ को सि.नं. ९६ मा अन्य सामाजिक सहायता खर्च शिर्षक नं. २२७२१ मा रकम रु. ५०००००।०० मध्येबाट रकम रु. ४०००००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ९ पिडारी बजारका लागि आवश्यक पर्ने जग्गा खरिदका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुमति माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.११ माथि छलफल गर्दा यस नगरपालिकाका देहायका ब्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियो:

| क्र.सं. | आर्थिक सहायता लिने ब्यक्तीको नाम थर | ठेगाना | रकम रु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | हुसेनी चमार | हरिपुर-९ | १०००० | छोरा रामपृत महरा चमारको चिसोको कारण मृत्यु | क्रिया खर्च |
| २ | फेकन साह | हरिपुर-९ | ७००० | हर्निया विमारी | उपचार खर्च |
| ३ | इन्दु कुमारी | हरिपुर-६ | ७००० | गर्भवती रहेकोमा शल्यक्रिया खर्च | उपचार खर्च |
| ४ | उमेश चौधरी | हरिपुर-८ | १०००० | अभिभावक विहिन | आर्थिक सहयोग |